नेपाल सरकार
Government of Nepal

मा. धनराज गुरुङ्ग
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

Hon. Dhanraj Gurung
Minister for
Law, Justice and Parliamentary Affairs

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला
मन्त्रीको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

# शुभकामना

कानून दिवस २०८० को अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नेपालमा प्रधान न्यायालय सम्बन्धी ऐन,२००८ लागू भएको दिनको स्मरण गर्दै हरेक वर्ष आजको दिनलाई कानून दिवसको रुपमा मनाउँदै आएका छौं।

नेपालको संविधानले नै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार,मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन,पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहने संकल्प गरेको छ भने अर्कोतर्फ सबै प्रकारको विभेद र अन्यायको अन्त्य गरी कानूनी शासन कायम गराउने दायित्व पनि हामीलाई सुम्पिएको छ। न्यायालय लगायत राज्यका संयन्त्रहरुले आफ्नो कामलाई निष्पक्ष र न्यायोचित ढङ्गले निर्वाह गरेको अवस्थामा मात्र हामी संविधानले सुम्पिएको दायित्वलाई पुरा गर्न सक्दछौं।

संसदको भूमिका कानून निर्माणमा रहेको हुन्छ भने संविधान र कानूनको मर्म अनुरुप न्याय सम्पादन गर्ने जिम्मेवारी न्यायपालिकाको रहेको हुन्छ। हाम्रो संविधानले संघीय संरचनात्मक राज्य व्यवस्थालाई अंगीकार गरेको छ र मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै संघीय, प्रदेश र स्थानीय तहमा नै संविधानले कानून निर्माण गर्न सक्ने अधिकार प्रदान गरेको छ। तीनै तहबीचको सहकार्य, समन्वय र सहअस्तित्वलाई स्वीकार गर्दै न्याय निरुपणको प्रक्रियालाई पनि संविधानको भावना अनुरुप व्यवहारमा नै छिटो, छरितो, सर्वसुलभ र मितव्ययी बनाउनु पर्ने आवश्यकता रहेको विद्यमान अवस्थामा यस दिवसले हामीलाई हाम्रो कार्यशैलीमा निखारता ल्याउनुका साथै र कार्यक्षमता वृद्धि गर्न अझ उत्प्रेरित गर्नेछ भन्ने अपेक्षा राखेको छु।

अन्त्यमा कानूनको शासनको अवधारणालाई आत्मसाथ गरी सो अनुरुप व्यवहार गर्नका लागि कानून दिवसले हामी सबैलाई उत्प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

(धनराज गुरुङ्ग)
मन्त्री

फोन नं.: ०१-४२११९७४, फ्याक्स नं.: ९७७-१-४२११६८४, पोष्ट बक्स नं.: ४६८१, सिंहदरबार, काठमाडौं, नेपाल
E-mail: infolaw@moljpa.gov.np, Website: www.moljpa.gov.np